# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## प्रदेश नं.-१

## स्थानीय राजपत्र

# लिखु गाउँपालिकाद्वारा प्रकाशित

खण्डः- ३ संख्याः- ४ मितिः- २०७७ / ०३ /३१

## भाग-१

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रही लिखु गाउँपालिकाको स्थानीय कृषि व्यवसायलाई संरक्षण तथा संवर्धन गर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को प्रथम संशोधन, २०७७ लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

लिखु गाउँपालिकाको स्थानीय कृषि व्यवसायलाई संरक्षण तथा संवर्धन गर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा संशोधनको लागि पेश गरिएका दफाहरु :

| विद्यमान ऐनको व्यवस्था | संशोधित हुने व्यवस्था | संशोधनका कारण |
|---|---|---|
| **परिच्छेद- १ दफा २**<br>(घ) "कार्यपालिका" भन्नाले लिखु गाउँपालिकालाई सम्झनु पर्दछ । | **परिच्छेद- १ दफा २**<br>(घ) "कार्यपालिका" भन्नाले लिखु गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ । | परिभाषालाई प्रष्ट पारिएको । |
| **परिच्छेद- १ दफा २**<br>(त) "प्रमुख" भन्नाले लिखु गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ । | **परिच्छेद- १ दफा २**<br>(त) "प्रमुख" भन्नाले लिखु गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ । | परिभाषालाई प्रष्ट पारिएको । |
| **परिच्छेद- १ दफा २** | **परिच्छेद- १ दफा २** | परिभाषालाई प्रष्ट पारिएको । |

| | | |
|---|---|---|
| (थ) "प्रशासकीय अधिकृत" भन्नाले लिखु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ । | (थ) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिखु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ । | |
| **परिच्छेद- ७ दफा ३३**<br>(२) ................................ | **परिच्छेद- ७ दफा ३३**<br>(२) उपदफा १ बमोजिम दण्ड सजाय तोक्नु अघि सम्बन्धित पक्षलाई सफाईको उचित मौका दिनुपर्नेछ । | न्यायको सिद्धान्तको अवलम्बन गरिएको । |

आज्ञाले,

अभय कुमार गुप्ता

प्रमुख प्रशासकीय अधिकृत

२०७७/०३/३१